

# ४ विश्रामको मोल

***<u>यस अध्यायका मूल पदहरूः</u>*** २ शमूएल ११:१-२७, २ शमूएल १२:१-२३, उत्पत्ति ३:१-८ र १ यूहन्ना १:९।

***<u>यस अध्यायको मूल सार पदः</u>*** **" हे परमेश्‍वर, ममा शुद्ध तथा सफा हृदय सृजनुहोस्, र मभित्र एउटा स्थिर आत्मा पुनर्जीवित पार्नुहोस्" (भजनसंग्रह ५१:१० रूपान्तरित)।**

थोरै भएपनि सुनसान र शान्त वातावरणको निम्ति मानिसहरू अत्यन्तै चाहना गर्छन्। त्यसको निम्ति तिनीहरू पैसा तिर्न पनि तयार हुन्छन्। कतिपय ठूला ठूला सहरहरूमा यस्ता कोठाहरू छन् जहाँ इन्टरनेट सेवाहरू बन्द छन्। मानिसहरूले घन्टाको हिसाबले पैसा दिएर ती कोठाहरू बहालमा लिन्छन्। ती कोठाहरू चलाउन कडा नियमहरू हुन्छन्-हल्ला गर्न पाउँदैन र कोही पनि पाहुनाहरूलाई आउन दिनुहुन्न। चुपचाप रहन, एक छिन सुत्न र सोच्नको निम्ति मानिसहरू पैसा तिरेर सुविधा उपभोग गर्न तयार हुन्छन्। एयरपोर्टहरूमा सुत्ने ठाउँहरू छन् पैसा तिरेर ती ठाउँहरू ओगट्न सक्छन्। सक्छन्। हल्ला कम गर्ने इयर फोनहरू पनि मानिसहरूले किनेर लगाउँछन्। क्यानभास कपडाको टोपी वा पोको पार्नुहुने सामान पाइन्छ जुन काम गर्ने ठाउँमा आराम लिन तिनीहरू ओढ्छन्। हो, शान्त वा विश्रामको निम्ति मानिसहरूले कतिपय पैसा खर्च गर्छन्।

सच्चा विश्रामको पनि मोल हुन्छ। कतिपय लोकप्रिय डाक्टर वा दार्शनिकहरूले विभिन्न सञ्चार माध्यमहरूद्वारा आफ्नो भविष्य आफै निर्धारण गर्न सकिन्छ र विश्राम भनेको आफ्नो योजना र निर्णय हो भनेर प्रचारवाजी गर्छन्। तर ती सबैलाई इमान्दारीपूर्वक सोच्दा हामीलाई चाहिने सच्चा विश्राम हामी आफैबाट आर्जन गर्न हामी असमर्थ छौं। चौथौं शताब्दीको इसाई विद्वान

अगस्टिनले आफ्नो पुस्तक *कन्फेसन*मा विश्रामलाई परमेश्वरको अनुग्रह भनेर आफ्नो सारगर्भित भावना यसरी व्यक्त गर्छन्: "तपाईंले हामीलाई तपाईंको निम्ति सृष्टि गर्नुभयो, हामीहरूका हृदयहरू बेचैन र व्याकुल हुन्छन् जबसम्म हामी तपाईंमा विश्राम पाउँदैनौं।"

परमेश्वरका आँखाका नानी भनेर कहलाउने व्यक्तिको जीवनले परमेश्वरको विश्रामको मोल कस्तो रहेछ भनेर पत्ता लगाएको हामी यस अध्यायमा संक्षिप्तरूपमा हेर्नेछौं।

## १. थकान र पेलान

एक दिन शान्तमय बसन्त ऋतुको बेलुकीपख वेचैन राजा दाउद आफ्नो कौसीमा ओहोरदोहर गरिरहेका थिए। उनी आफ्ना सैनिकहरूसँग जोर्डनको पारि युद्धमा हुनुपर्थ्यो। आम्मोनीहरूलाई जितेर इस्राएलमा शान्ती ल्याउन उनले परमेश्वरका मानिसहरूसँग युद्धमा सहभागी भइरहनुपर्दथ्यो।

**आफू जहाँ हुनुपर्ने हो त्यहाँ नभएर राजा दाउदले आफूलाई प्रलोभनको ढोकालाई खुलाएका थिए। हेर्नुहोस्, २ शमूएल ११:१-५ र दाउदले ठूलो पाप के गरे त? " १ बसन्त ऋतुमा जब राजाहरू लड़ाइँ गर्नलाई निस्कन्छन्, दाऊदले योआब र आफ्ना अरू अधिकृतहरू र सबै इस्राएलका फौजलाई पठाए, र तिनीहरूले अम्मोनीहरूलाई ध्वंस पारे, र रब्बालाई घेरे। तर दाऊदचाहिँ यरूशलेममा नै रहे। २ एक बेलुकी दाऊद पलङ्गबाट उठेर महलको कौसीमाथि घुमिरहेका बेलामा तिनले एउटी स्त्रीलाई नुहाइरहेकी देखे, अनि तिनी अति सुन्दरी थिइन्। ३ तिनी को हुन् भनी सोधपूछ गर्नलाई तिनले मानिस पठाए, र यस्तो खबर आयो, "के तिनी एलीआमकी छोरी हित्ती उरियाहकी पत्नी बतशेबा होइनन् र?" ४ दाऊदले तिनलाई ल्याउन मानिसहरू पठाए, अनि तिनी आइन्, र दाऊदले तिनीसित सहवास गरे। (तिनले आफ्नो रजस्वलाको बेलापछि आफैलाई शुद्ध पारेकी थिइन्।) त्यसपछि तिनी आफ्नो घरमा गइन्। ५ तिनी गर्भवती भइन्, र तिनले "गर्भवती भएँ" भनेर दाऊदकहाँ समाचार पठाइन्।"**

आफ्नो कौशीबाट छिमेकीको कौशीमा राजा दाउदले एक सुन्दरी स्त्री देखे। उनी रजस्वलापछि शुद्ध गर्न नुहाइरहेकी थिइन्। उनको सौन्दर्यताप्रति आकर्षित हुँदा उनको पापको नशा फुलेको थियो। परमेश्वरको नीतिमा हिंड्ने भनेर नाउँ कमाएका दाउदले के ठीक थियो त्यो गर्नुपर्थ्यो। तर आफ्नो अभिलाषालाई माथ गर्न लगाएर उनलले बिथशिबालाई बोलाए र उनीसँग सुते।

त्यो पनि विदेशी नै किन नहुन् बेथशिबा राजा दाउदको बफादारी सैनिकका श्रीमती थिइन्। आवेशमा आएर आफ्नै बफादारी सैनिकलाई विश्वासघात गरे। पौराणिक राजाहरूमा जस्तो राजा दाउद शक्तिशाली भएर जे पनि गर्न सक्थे। राजा भएको हैशियतले सर्वसाधारण मानिसहरू जस्तै नीतिनियम वा देशका कानुनहरू पालन गर्नुपर्दैनथ्यो। राजा दाउदको त्यो घृणित कार्यको नतिजाले ल्याएको उनको परिवारमा ल्याएको पीडादायक जीवनले यो देखाएको थियो कि राजा नै भएतापनि उनि परमेश्वरको व्यवस्था वा दश आज्ञा माथि छैनन्।

हो, परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू छन् जुन आम नागरिकको सुरक्षाको निम्ति दिइएको थियो। जब राजाले त्यसलाई उल्लङ्घन गरे तब उनले नराम्रो परिणाम भोग्नु परेको थियो। परमेश्वरको व्यवस्थालाई उल्लङ्घन गर्ने बित्तिक्कै आफ्नो जीवनको सम्पूर्ण पक्षहरूमा असर भएको उनले महसुस गर्नुपरेको थियो। आफ्नो आँखाको अभिलाषा गुपचुप थियो र कसैलाई थाहा छैन भनेर राजाले सोचेका थिए। तर अब बेथशिबा गर्भवती भइन् र उनका श्रीमान टाढा युद्धभूमिमा थिए।

**राजा दाउदले आफ्नो पापलाई ढाक्न कसरी प्रयास गरे? हेर्नुहोस्, २ शमूएल ११:६-२७ " ६ दाऊदले “हित्ती उरियाहलाई मकहाँ पठाइदिनू” भनेर योआबलाई हुकुम गरे। तब योआबले त्यसलाई दाऊदकहाँ पठाइदिए। ७ अनि जब उरियाह आइपुग्यो तब दाऊदले योआब र फौजको समाचार र लड़ाइँ कस्तो चलिरहेको छ भनी सोधे। ८ त्यसपछि दाऊदले उरियाहलाई भने, “तिम्रो घर गएर आफ्ना खुट्टा धोऊ।” त्यो महलबाट निस्केपछि राजाले त्यसको पछिपछि उपहार पठाइदिए। ९ तर उरियाह आफ्नो घरमा गएन, तर राजाका दासहरूसँग महलको मूल ढोकामै सुत्यो। १० “उरियाह त आफ्नो घरमा गएको छैन” भनी दाऊदले सुनेपछि त्यसलाई भने, “तिमी त लामो यात्राबाट आएका होइनौ र? तिमी किन आफ्नो घरमा गएनौ?” ११ उरियाहले उत्तर दियो, “इस्राएल र यहूदा र सन्दूक पनि पालमा छन्, अनि मेरा स्वामी योआब र हजूरका अधिकृतहरू खुला मैदानमा पालमा छन्। म त कसरी खान र पिउन र मेरी पत्नीसित सुत्नलाई घरमा जाऊँ? हजूरको जीवनको शपथ खाएर भन्दछु, कि म त्यसो गर्न सक्दिनँ।” १२ तब दाऊदले उरियाहलाई भने, “त्यसो भए अरू एक दिन यहीं बस र भोलि म तिमीलाई जान दिनेछु।” यसैले उरियाह त्यस दिन र भोलिपल्ट यरूशलेममा नै बस्यो। १३ दाऊदले त्यसलाई खानपान गर्नलाई निम्तो दिए, र त्यसलाई मत्याए। तर बेलुकी त्यो बाहिर गयो र राजाका**

दासहरूसितै आफ्नो ओछ्यानमा त्यसले रात बितायो, र घरमा गएन। १४
भोलिपल्ट बिहान दाऊदले योआबलाई एउटा चिट्ठी लेखेर उरियाहको हातमा
पठाए। १५ तिनले चिट्ठीमा लेखे, "शत्रुकै मुखमा, जहाँ लड़ाइँ खूब मच्चिएको
छ, त्यहाँ उरियाहलाई पठाएर तिमीहरूचाहिँ पछि हट, र त्यो मरोस्।" १६
यसैकारण जब योआबले सहरलाई घेरा हालेका थिए, तब तिनले उरियाहलाई
यस्तो ठाउँमा खटाइदिए, जुन ठाउँमा कड़ा मुकाबिला हुनेछ भनी तिनलाई थाहा
थियो। १७ सहरका मानिसहरूले एक्कासि निस्केर योआबसँग लड़ाइँ गर्न
लागे,र दाऊदका केही सिपाहीहरू मारिए। हित्ती उरियाह पनि मारियो। १८
तब योआबले दाऊदकहाँ लड़ाइँका सबै समाचारसाथ एक जना मानिसलाई
पठाए। १९ त्यो समाचार लाने मानिसलाई योआबले यस्तो आदेश दिए, "तिमीले
लड़ाइँको सबै हाल राजालाई बताइसकेपछि, २० राजाले रिसाएर यसो भन्नुभयो
भने, 'लड़ाइँ गर्दा तिमीहरू सहरको त्यति नजिक किन गयौ त? पर्खालबाट काँड़
हान्नेछ भनेर तिमीहरूले जान्नुपर्नेथियो। २१ यरूबबेसेतका* छोरा
अबीमेलेकलाई कसले मार्‍यो? तिनलाई एउटी स्त्रीले जाँतोको पाटा पर्खालबाट
खसाइदिएर मारेकी थिइन् र? अनि तिनी तेबेसमा मरे, होइन र? तिमीहरू
पर्खालको त्यति नजिक किन गयौ?'– उहाँले यसरी सोध्नुभयो भने उहाँलाई यसो
भन्नू, 'हजूरको दास हित्ती उरियाह पनि मर्‍यो'।" २२ त्यो समाचार लाने मानिस
हिड़्यो, र दाऊदकहाँ आयो, र योआबको आज्ञाअनुसार सबै समाचार दियो। २३
त्यसले दाऊदलाई भन्यो, "शत्रुहरू हाम्रा विरुद्धमा खुला फाँटमा जम्मा भए, र
हामीलाई मिच्न लागे। तर हामीले उनीहरूलाई सहरको मूल ढोकासम्मै ठेल्दै
लग्यौं? २४ त्यहाँ काँड़ चलाउनेहरूले तपाईंका दासहरूलाई पर्खालबाट काँड़
चलाए, र राजाका कति मानिसहरू मरे। साथै हजूरको दास हित्ती उरियाह पनि
मारियो।" २५ दाऊदले त्यस मानिसलाई भने, "योआबलाई यो समाचार लैजा,
'तिमी नघबराऊ, तरवारले जसरी एक जनालाई मार्छ, अर्कालाई पनि मार्छ।
सहरलाई आक्रमण जारी राख, र त्यस सहरलाई ध्वंस-विध्वंस गरिदेऊ'।
योआबलाई साहस होस् भनी यो कुरा भन्।" २६ जब उरियाहकी पत्नीले आफ्ना
पति मरेको समाचार सुनिन्, तब त्यसको निम्ति तिनले शोक गरिन्। २७ अनि
जब शोकको समय पूरा भयो तब दाऊदले मानिसहरू पठाएर तिनलाई आफ्नो
घरमा ल्याए। तिनी दाऊदकी पत्नी भइन्, र एउटा छोरो जन्माइन्। तर जे
दाऊदले गरेका थिए त्यसमा परमप्रभु अप्रसन्न हुनुहुन्थ्यो।"

दाउदले अनेकौं चलाकी रचेर र चिप्लो घसेर उरियाहलाई आफ्नो घरमा श्रीमतीसँग रहन पठाउन खोजे त्यो सफल भएन। उरियाह अत्यन्तै बफादारी र आदर्श चरित्र भएको भनेर प्रख्यात थियो। दाउदको आदेशलाई उनले यसरी जवाफ दिए, "इस्राएल र यहूदा र सन्दूक पनि पालमा छन्, अनि मेरा स्वामी योआब र हजूरका अधिकृतहरू खुला मैदानमा पालमा छन्। म त कसरी खान र पिउन र मेरी पत्नीसित सुत्नलाई घरमा जाऊँ? हजूरको जीवनको शपथ खाएर भन्दछु, कि म त्यसो गर्न सक्दिनँ"( २ शमूएल ११:११)।

**परमेश्वरले कति थोक दिनुभएको दाउद कसरी त्यस्तो नीच आचरणमा झरे भन्ने कुरा विश्वास गर्न पनि गाऱ्हो छ। हामी जो भएतापनि जहाँ भएतापनि त्यस कथाबाट हामीले के चेतावनी सिक्नुपर्दछ?**

## २. ब्युँझिन आह्वान

आफ्नो नीच आचरणप्रति राजा दाउदलाई केही सुर्ता लागिरहेकै होला। दाउदको जीवनमा धेरै अन्धकार परिस्थितिहरू आएका थिए। आफ्नो बफादार सैनिकलाई हत्या गरेर उनको श्रीमतीलाई आफ्नो हातमा पार्नु भनेकै उनको जीवनमा आएका धेरै अन्धकार परिस्थितिहरूमा एक थियो। उनको हृदय खोतल्न र परमेश्वर उनीप्रति रुष्ट हुनुभएको यद्यपि उनलाई सदाशयता देखाउन उहाँले आफ्नो अगमवक्तालाई उनीकहाँ पठाउनुहुन्छ। अगमवक्ता नातान र दाउदको बीचमा राम्रो चिनाजानी थियो। परमेश्वरको निम्ति भवन बनाउन दाउदलाई नातानले नै सल्लाह दिएका थिए (२ शमूएल ७)। अब राजाको सामु राजाले नै नसोचेको काम लिएर नातान आएका थिए।

**जब नातान राजाको सामु देखा परे तब उनले राजालाई सिधै दोष नलगाइकन र उनलाई बेइज्जत नगर्न उने कथा किन भने होलान्? हेर्नुहोस्, २ शमूएल १२:१-१४ "१ परमप्रभुले नातान अगमवक्तालाई दाऊदकहाँ पठाउनुभयो, र तिनी दाऊदको उपस्थितिमा हाजिर भएर तिनले भने, "एक पल्ट एउटा सहरमा दुई जना मानिस थिए, एक जना धनी र अर्कोचाहिँ गरीब। २ धनी मानिसका धेरै भेड़ाबाख्राका बगाल र गाई-गोरुका बथान थिए, ३ तर त्यो गरीब मानिसको आफूले किनेको एउटा सानो पाठीबाहेक आफ्नो भन्ने केही थिएन। उसले त्यसलाई आफैले पालनपोषण गऱ्यो, र आफ्नै घरमा आफ्नै छोराछोरीसँग त्यो हुर्क्यो। त्यसले उसकै थालमा खान्थ्यो, र उसकै कचौरामा**

पिउँथ्यो, र उसकै काखमा सुत्दथ्यो। त्यसलाई उसले आफ्नो छोरीलाई जस्तै गर्थ्यो। ४ एक दिन एउटा परदेशी त्यस धनी मानिसको घरमा आयो, अनि त्यस धनी मानिसले पाहुनालाई आफ्नै बगाल र बथानबाट केही दिने मन गरेन, तर त्यस गरीब मानिसको पाठी ल्याएर त्यस पाहुनाको निम्ति भोजन तयार गऱ्यो।" ५ दाऊदलाई त्यस कुराले साह्रै रीस उठ्यो, र तिनले कराएर भने, "जीवित परमप्रभुको नाउँमा म भन्दछु, कि यस्तो काम गर्ने मानिस मृत्युको योग्य छ! ६ त्यसले दयामाया नगरेर यस्तो काम गरेबापत त्यस पाठीको साटो चार गुणा तिर्नुपर्छ।" ७ तब नातानले दाऊदलाई भने, "त्यो मानिस तपाईं नै हो! परमप्रभु इस्राएलका परमेश्वर भन्नुहुन्छः 'मैले तिमीलाई इस्राएलमाथि राजा अभिषेक गरें। मैले तिमीलाई शाऊलको हातबाट छुटाएँ। ८ मैले तिमीलाई तिम्रा मालिकको घर र त्यसका पत्नीहरू तिम्रै हुनलाई दिएँ। मैले तिमीलाई इस्राएल र यहूदाका घरानाहरू दिएँ। अनि यतिले नपुगेको भए म तिमीलाई अरू धेरै दिनेथिएँ। ९ तर तिमीले उहाँको दृष्टिमा जे खराब थियो त्यो गरेर किन परमप्रभुको वचनलाई तुच्छ ठान्यौ? तिमीले हित्ती उरियाहलाई तरवारले माऱ्यौ, र तिमीले त्यसकी पत्नीलाई आफ्नी बनाउन लगिस्। तिमीले त्यस मानिसलाई अम्मोनीहरूको तरवारले मर्न दियौ। १० तिमीले मलाई तुच्छ ठानेको हुनाले र हित्ती उरियाहकी पत्नीलाई तिमीले आफ्नी पत्नी तुल्याउनलाई लगेको हुनाले, तिम्रो घरानाले कहिल्यै तरवारबाट विश्राम पाउनेछैन'। ११ "परमप्रभु भन्नुहुन्छः 'म तिम्रो आफ्नै घरानाभित्रबाट तिमीमाथि विपद् ल्याउनेछु। म तिम्रा पत्नीहरूलाई लिएर तिम्रै आँखाको सामुन्ने तिम्रो नजिकको मानिसलाई दिनेछु, र त्यो दिउँसै तिनीहरूसित सुत्नेछ। १२ तिमीले जे गऱ्यौ त्यो गुप्तमा गऱ्यौ, तर म योचाहिँ सारा इस्राएलले देख्ने गरी दिनको उज्यालोमा गर्नेछु'।" १३ तब दाऊदले नातानलाई भने, "मैले परमप्रभुको विरुद्धमा पाप गरें।" नातानले तिनलाई जवाफ दिए, "परमप्रभुले तपाईंको पाप लगिदिनुभएको छ। तपाईं मर्नुहुनेछैन। १४ तर यस कामद्वारा तपाईंले परमप्रभुका शत्रुहरूलाई भयङ्कर घृणाको मौका दिनुभयो, यसैले तपाईंबाट जन्मेको छोरोचाहिँ मर्नेछ।"

के भन्ने भनेर नातानलाई थाहा थियो। उनले आफूले भन्नुपर्ने सन्देश यसरी बताएकी राजा आफैले बुझ्न सकोस्। उनले भनेको कथा जुन दाउदलाई भने त्यो दाउदकै विगत दिनमा आफू गोठाला भएको याद दिलाउन भनिएको थियो। दाउदले पाठाहरूलाई प्यार गर्थे र तिनीहरूको सुरक्षाको निम्ति आफ्नो जीवन पनि दिन तयार भएका थिए जब उनले सिँहलाई मारे।

नातानलाई थाहा थियो कि दाउदमा उच्च न्याय, नैतिकता र इमान्दारिताका भावनाहरू थिए। केही हदमा भन्ने हो भने नातानले दाउदलाई धरापमा पारेका थिए जुन धरापमा दाउद आफै फसे।

राजा दाउदले थाहै नपाइकन आफ्नो मृत्यु वा सजायँको फैसला सुनाउँछन्, अनि नातानले भन्छन् "तपाईं नै त्यो मानिस हुनुहुन्छ" (२ शमूएल १२:७ रूपान्तरित)। यहि कुरा विभिन्न तरिकाहरूले भन्न सकिन्छ। औंला ठड्याएर उनकै मुखमा "तपाईं नै हुनुहुन्छ" भनेर चिच्याएर भन्न सकिन्छ वा उनीप्रति चित्त दुखाएर उनको हित खोज्ने भएर दुःख मनाउँदै पनि व्यक्त गर्न सकिन्छ। जुन तरिकाले नातानले व्यक्त गरे त्यसमा अनुग्रहले बुनिएको पनि हुनुपर्छ। त्यसैबेला जब परमेश्वरका छोरा छोरीहरू उहाँको इच्छा वा मार्ग विपरित चल्दा उहाँको हृदयमा कसरी पीडा भयो होला सो उनले महसुस गरेको हुनसक्छ। केहीले उनको हृदय छियाछिया भयो।

**"म हत्यारा रहेछु", "मैले बिथशिबाको विरुद्धमा पाप गरें" नभनिकन उनले "मैले परमेश्वरको विरुद्धमा पाप गरें" भनेर राजा दाउदले किन शोक व्यक्त गरे होलान् (३ शमूएल १२:१३, भजन ५१:४)?**

जुन पापले हामीहरूको हृदयलाई बेचैन वा व्याकुल बनाउँछ त्यो मूख्यतः परमेश्वर, सृष्टिकर्ता र उद्धारकको विरुद्धमा पाप गरेको हो भनेर राजा दाउदले महसुस गर्दछन्। यस्ता खालको पापले हामी आफूले आफैलाई हानी पुऱ्याउँछ र अरूलाई पनि असर पर्दछ। हामी परिवारमा र चर्चहरूको सामु हामी बेइज्जत हुन्छौं। तर आखिरमा हामि परमेश्वरलाई नै हानी गर्छौं। हाम्रो थप पापले स्वर्गतिर औंल्याइरहेको गलकथाको क्रूसमा अर्को किला ठोक्दछौं।

"अगमवक्ताले राजालाई झपार्दा दाउदको हृदय छोएको थियो; उनको विवेक उक्सिएको थियो; उनको पाप वा दोष अत्यन्तै भयानक तरिकाले देखा परेको थियो। परमेश्वरको सामु अत्यन्तै पश्चातापी भएर उनको आत्मा झुकेको थियो। ओंठहरू काम्दै उनले स्वीकार्दछन्, 'मैले परमेश्वरको विरुद्धमा पाप गरें।" कसैप्रति गलत गरेको छ, वा कसैलाई हानी पुऱ्याएको छ भने त्यो हानी परमेश्वरलाई नै गरेको ठहर्दछ। दाउदले अत्यन्तै गम्भिर पाप गरेका थिए। त्यो पाप उनले बेथशिबा र उरियाहको बिरुद्धमा गरेका थिए। यो कुरा उनले राम्रैसँग बुझे। तर उनको पाप तिनीहरूप्रति भन्दा परमेश्वरप्रति ठूलो थियो।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ७२२बाट रूपान्तरित।

## ३. क्षमा त दिइयो तर के बिर्सियो त?

दाउदले आफूलाई थाहै नपाइकन आफ्नो विरुद्धमा फैसला गरेपछि (२ शमूएल १२:५,६), नातानले उनलाई उनको घोर पापलाई औंल्याएका थिए। दाउदको हृदय चुरचुर हुन्छ र आफ्नो पापलाई उनले स्वीकार गर्छन् र पश्चाताप गर्छन्। तुरन्तै नातानले उनलाई यो विश्वास दिलाउँछन कि "प्रभुले तपाईंको पापलाई हटाउनुभएको छ" (२ शमूएल १२:१३ रूपान्तरित) र उनलाई क्षमा दिइएको थियो। उनको पापलाई क्षमा दिन परमेश्वरले पर्खनुभएन (न त दाउदले कुनै धर्मकर्म नै गरे)। दाउद हृदयदेखि इमान्दारितासाथ पश्चाताप गरेकोले उनलाई क्षमा दिइयो भनेर उनले प्रमाणित गर्नु आवश्यकता थिएन।

यद्यपि, दाउदको पापको परिणामको भविष्यवाणी गर्ने (२ शमूएल १२:१०-१२) नातानले बिथशिबाबाट जन्मिने बच्चा मर्नेछन् भनेर आफ्नो भनाइ सुनाउँछन्।

**परमेश्वरले दाउदको पाप लगिदिनुभएको छ वा हटाउनुभएको छ भन्नुको अर्थ के हो? के उहाँले दाउदको पाटीलाई सफा गरेर धोइएको हो त? के पाप गरेपछि र त्यसको पश्चाताप गरेर क्षमा भइसकेपछि आफूले गरेको पाप त्यसै बिर्सिने हो त? २ शमूएल १२:१०-२३ ती प्रश्नहरूलाई सोच्दै पढ्नुहोस् "१० तिमीले मलाई तुच्छ ठानेको हुनाले र हित्ती उरियाहकी पत्नीलाई तिमीले आफ्नी पत्नी तुल्याउनलाई लगेको हुनाले, तिम्रो घरानाले कहिल्यै तरवारबाट विश्राम पाउनेछैन'। ११ "परमप्रभु भन्नुहुन्छः 'म तिम्रो आफ्नै घरानाभित्रबाट तिमीमाथि विपद् ल्याउनेछु। म तिम्रा पत्नीहरूलाई लिएर तिम्रै आँखाको सामुन्ने तिम्रो नजिकको मानिसलाई दिनेछु, र त्यो दिउँसै तिनीहरूसित सुत्नेछ। १२ तिमीले जे गऱ्यौ त्यो गुप्तमा गऱ्यौ, तर म योचाहिँ सारा इस्राएलले देख्ने गरी दिनको उज्यालोमा गर्नेछु'।" १३ तब दाऊदले नातानलाई भने, "मैले परमप्रभुको विरुद्धमा पाप गरें।" नातानले तिनलाई जवाफ दिए, "परमप्रभुले तपाईंको पाप लगिदिनुभएको छ। तपाईं मर्नुहुनेछैन। १४ तर यस कामद्वारा तपाईंले परमप्रभुका शत्रुहरूलाई भयङ्कर घृणाको मौका दिनुभयो, यसैले तपाईंबाट जन्मेको छोरोचाहिँ मर्नेछ।" १५ नातान आफ्नो घरमा गएपछि उरियाहकी पत्नीले दाऊदबाट जन्माएको छोरालाई परमप्रभुले प्रहार गर्नुभयो, र त्यो बिरामी पऱ्यो। १६ दाऊदले त्यस बालकको निम्ति परमप्रभुसित बिन्ती गरे। तिनी उपवास बसे, र आफ्नो घरभित्र गएर भूइँमा लडेर रात बिताए। १७**

घरका ठूलाबड़ाहरूले तिनलाई भूइँबाट उठाउने चेष्टा गरे, तर तिनले इन्कार गरे, र तिनीहरूसित केही पनि खाने मन गरेनन्। १८ सातौं दिनमा बालक मऱ्यो। दाऊदका नोकरहरूले तिनलाई बालक मरेको कुरा बताउन डराए। तिनीहरूले भने, "बालक जिउँदो हुँदा हामीले उहाँलाई भन्यौं, अनि उहाँले हाम्रो कुरा सुन्नुभएन। अब हामी उहाँलाई कसरी बालक मरेको खबर दिनु? उहाँले आफ्नो केही हानि गर्नुहुन्छ होला।" १९ तर आफ्ना नोकरहरूले साउती गरिरहेका दाऊदले देखे, र बालक मरेछ भनी अनुमान लगाए। तिनले सोधे, "बालक मऱ्यो?" अनि तिनीहरूले जवाफ दिए, "हो, तिनी मरे।" २० तब दाऊद भूइँबाट उठे, स्नान गरेर तेल लाए, वस्त्र फेरे। अनि परमप्रभुको भवनमा गएर तिनी घोप्टो परेर दण्डवत् गरे। त्यसपछि तिनी घर गए, भोजन ल्याउने हुकुम गरे र त्यो तयार भएपछि तिनले खाए।

२१ तिनका नोकरहरूले तिनलाई सोधे, "यो के हो? जब बालक जिउँदा थिए तब तिनको निम्ति हजूर उपवास बस्नुभयो, र विलाप गर्नुभयो। तर अब तिनी मरे, र हजूर त उठेर भोजन गर्नुहुन्छ।" २२ तिनले जवाफ दिए, "जब बालक जिउँदो थियो तब परमप्रभुले ममाथि अनुग्रह गर्नुहुन्छ र बालक बाँच्छ होला भनी विचार गरेर म उपवास बसें, र रोएँ। २३ तर अब त्यो मरिहाल्यो, त मैले किन उपवास बस्ने? के म त्यसलाई फेरि फर्काई ल्याउन सक्छु र? म त्यसकहाँ जानेछु, तर त्यो मकहाँ फर्की आउनेछैन।"

ती प्रश्नहरू दाउदको दिमागमा पनि खडा भएका होलान्। उनको आफ्नै आँखाले उनको आफ्नै इज्जतदार संसार भत्किन पुगेको थियो-बालक मरेको थियो, उनको परिवारमा कलहले अड्डा जमाएको थियो (यसको ज्वलन्त उदाहरण उनकै छोराहरू आमनन र आबसोलमलाई लिन सकिन्छ जसले परिवारमा शान्ति दिएनन्), र उनको आफ्नै भविष्य अनिश्चित थियो। तैपनि उनको पापले निर्दोष मानिसहरूलाई असर पारेको भएतापनि जस्तै उरियाह र नयाँ बालकको मृत्यु, परमेश्वरको अनुग्रहले यसलाई ढाक्नेछ र कुनै दिन पापका सबै परिणामहरू हटिनेछन् भनेर दाउदले बुझ्न सुरू गरेका थिए। अनि त्यसैबेला दाउदले आफ्नो व्याकुल विवेकलाई परमेश्वरको अनुग्रहमा विश्राम दिन सकिन्छ भनेर उनले सोच्न सक्ने भएका थिए।

आफूलाई केको वास्तविक आवश्यकता छ भनेर दाउदले महसुस गरेका थिए? उनले केको तिब्र चाहना गरेका थिए? भजन ५१:१-६मा त्यो यसरी व्यक्त गरिएको छ, १ हे परमेश्वर, तपाईंको अचूक करुणाअनुसार ममाथि

**कृपा गर्नुहोस्, तपाईंको अपार अनुकम्पामा मेरा अपराधहरू मेटिदिनुहोस्। २ मेरो सबै अधर्मबाट मलाई पूर्ण रूपमा धोइदिनुहोस्, र मेरो पापबाट मलाई शुद्ध गरिदिनुहोस्। ३ किनकि मेरा अपराधहरू म जान्दछु, र मेरो पाप सदा मेरो सामुन्ने छ। ४ तपाईंको विरुद्धमा, केवल तपाईंकै विरुद्धमा मैले पाप गरेको छु, र तपाईंको दृष्टिमा जे खराबी छ, त्यही गरेको छु। यसैकारण बोल्नुहुँदा तपाईं ठीक प्रमाणित हुनुहुन्छ, र न्याय गर्दा तपाईं न्यायी ठहरिनुहुन्छ। ५ साँच्चै, म जन्मँदा नै पापी थिएँ, र मेरी आमाले मलाई गर्भधारण गरेदेखि नै म पापी थिएँ। ६ निश्चय नै हृदयको सत्यता तपाईं चाहना गर्नुहुन्छ, अन्तस्करणमा तपाईं मलाई बुद्धिका कुरा सिकाउनुहुन्छ।"**

राजा दाउद सार्वजनिकरूपमै आफ्नो हृदय खुला गर्दछ र आफ्ना पापहरू परमेश्वरको सामुमात्र होइन सबैको सामु स्वीकार गर्दछ। भजन ५१ले यसलाई पुष्टि गर्दछ। परमेश्वरको अचूक वा कहिल्यै पनि असफल नहुने प्रेम र महान् दया तथा करुणाको निम्ति उनले सबैको सामु बिलाप गर्दछन्। आफ्नो जीवन परिवर्तन हुन वा नयाँ जीवन पाउन उनले तिर्सना व्यक्त गर्दछन्। (राजा भएपनि सबैको सामु उनी झुक्दछन् र आफ्नो पापलाई स्वीकार्दछन्-यो परमेश्वरप्रतिको प्रेमको महानताको ज्वलन्त उदाहरण हो-अनुवादक)।

येशूमा आश्रय लिन्दा वा विश्राम लिन्दा हामीले चुकाउनु पर्ने मोल थाहा पाउनु जरुरी छ। त्यो हो हामी जोभएतापनि जब हामी भूल गर्दछौं तब त्यसलाई मेटाउन हाम्रो जीवनभन्दा बाहिरको तत्वको सहायता चाहिन्छ भन्ने महसुस गर्नुपर्दछ; हामी पापी हौं र हामीलाई मुक्तिदाताको आवश्यक छ; हामीले हाम्रा पापहरू केलाउँदै परमेश्वरकोसामु वादविवाद नगरि र आफ्नो अभिमानलाई त्याग्दै स्वीकार्नुपर्दछ र हाम्रा पापहरू धुनुहुने एकमात्र प्रभुसँग बिन्ति गर्नुपर्दछ। हामीलाई शुद्ध पार्न वा हाम्रो पाप धुन र हामीलाई पुनर्जीवन दिन वा नयाँ बाटो वा परमेश्वरको मार्गमा फेरि हिंड्न परमेश्वरसँग पुकार्नै पर्दछ। जब हामी यो कदम चाल्न सक्यौं भने तब हामीमा साहस आउँदछः परमेश्वरको आँखाको नानी भएका राजा दाउद यस्तरी चुकेकि उनी व्यभिचारी भए, मानिसलाई उल्टोपाल्टो पार्न वा विगार्न चालबाजी खेल्ने, हत्यारा र यथास्थितिमा भन्ने हो भने उनले कमसेकम दश आज्ञाका पाँचवटा अन्तिम आज्ञाहरूमात्र होइन सबै आज्ञाहरू उल्लङ्घन गर्ने भएका थिए (याकूबको अनुसार उनी परमेश्वरको सामु शुन्य भएका थिए-याकूब २:१०)। तर आफू

होसमा आएपछि उनले परमेश्वरका प्रतिज्ञाहरू दावी गर्दै उहाँबाट क्षमा मागदछन्।

**यदि दाउदले जतिसुकै पाप गरेतापनि उनले पापलाई स्वीकार्दै नयाँ जीवनको निम्ति परमेश्वरसँग बिन्तिभाऊ गर्दा उहाँले क्षमा दिनुभयो भने, तपाईंको निम्ति पनि के आशा, अनुग्रह र सदाशयता उपलब्ध गराएकोछ?**

## ४. नौलो कुरो वा नवजीवन

**आफ्नो कमिकजोरी नलुकाइकन वा कुनै वहाना नबनाइकन वा आफू राजा भएकोले जे गर्न पनि अधिकार छ भन्ने मनस्थितिमा आफूलाई नहोमीकन इस्राएलका प्रथम (वा अन्तिम भन्न पनि यस अनुवादक हिचकिचाउँदैन) लोकप्रिय राजाले आफूले गरेको कुकृत्यलाई महसुस गर्दै परमेश्वरको सामु हार्दिक बिन्तिभाऊ गर्दछन्। परमेश्वरसँग उनले के याचना गरे वा मागे? हेर्नुहोस्, भजन ५१:७-१२ "५ साँच्चै, म जन्मँदा नै पापी थिएँ, र मेरी आमाले मलाई गर्भधारण गरेदेखि नै म पापी थिएँ। ६ निश्चय नै हृदयको सत्यता तपाईं चाहना गर्नुहुन्छ, अन्तस्करणमा तपाईं मलाई बुद्धिका कुरा सिकाउनुहुन्छ। ७ हिसपले (सुगन्धित बिरुवा) मलाई शुद्ध पार्नुहोस्, र म शुद्ध हुनेछु। मलाई धुनुहोस्, र म हिउँभन्दा सेतो हुनेछु। ८ मलाई हर्ष र उल्लास सुन्न दिनुहोस्, र तपाईंले चूर्ण पारिदिनुभएका हड्डीहरू आनन्दित होऊन्। ९ मेरा पापहरूदेखि आफ्नो मुख लुकाउनुहोस्, र मेरा सारा अधर्महरू मेटिदिनुहोस्। १० हे परमेश्वर, ममा शुद्ध हृदय सृजनुहोस्, र मभित्र एउटा स्थिर आत्मा पुनर्जीवित पार्नुहोस्। ११ मलाई तपाईंको उपस्थितिबाट नहटाउनुहोस्, न त मबाट तपाईंका पवित्र आत्मा लैजानुहोस्। १२ तपाईंको मुक्तिको आनन्द मलाई फेरि दिनुहोस्, र मलाई समाल्न इच्छुक आत्मा दिनुहोस्।"**

आफूलाई हिसप अर्थात औषधीमूलक सुगन्धित जडिबुटी वा विरुवाले धोएर सफा गरिदिनुहोस् भनेर दाउदले परमेश्वरसँग बिन्ति गर्दछन्। यो विरुवा तत्कालिन प्रत्येक इस्राएलीहरूलाई थाहा भएको विरुवा थियो। मोशाको व्यवस्था अनुसार (लेबी १४:४) पवित्र मन्दिरमा सफा गर्ने विधिमा यही विरुवा प्रयोग गरिन्थ्यो। पापलाई धुने बलिको शक्तिलाई उनले स्वीकार गरेका थिए। त्यो बलि थियो यस संसारका पापहरू धुनुहुने पछि आउनुहुने येशू र उहाँको बलि।

आफ्नो भयानक कुकृत्यलाई स्वीकार्दै दाउदले "आनन्द", "खुशियाली" र "हर्ष"को मनस्थितिमा आफूलाई फेरि पार्न परमेश्वरसँग पुकार्दछन्। परमेश्वरको बेइज्जत, अपमान गर्न पाप गर्ने दाउदलाई उहाँसँग "आनन्द" र "खुशियाली" माग्ने साहस कहाँबाट आयो?

सायद यही पदलाई यसरी अनुवाद वा रूपान्तर गरिएको पढियो भने त्यसको बारेमा थाहा पाउन केही सहयोग मिल्छ कि? "प्रभु, तपाईंले मलाई भन्नुहोस् कि तपाईंले मलाई क्षमा दिनुभयो। अनि म फेरि तपाईंको पवित्रस्थानमा फेरि खुल्ला र शुद्ध हृदयले पस्न सकुँ। अनि त्यहाँ तपाईंको आराधना गर्ने भक्तहरूको आनन्द, हर्ष र खुशियालीका आवाजहरू सुन्न सकुँ।"

**आदम र हव्वाले पाप गरेपछि दाउदले चलेको कदम बिपरित तिनीहरू परमेश्वरको सामु लुकेका थिए (उत्पत्ति ३:८)। पाप गरेपछि दाउदले गरेको प्रार्थनामा आदम र हव्वाभन्दा के भिन्नता पाइन्छ? हेर्नुहोस् भजन ५१:११,१२ "११ मलाई तपाईंको उपस्थितिबाट नहटाउनुहोस्, न त मबाट तपाईंका पवित्र आत्मा लैजानुहोस्। १२ तपाईंको मुक्तिको आनन्द मलाई फेरि दिनुहोस्, र मलाई समाल्न इच्छुक आत्मा दिनुहोस्।"**

आफ्नो चेतनामा परमेश्वरको उपस्थितिलाई गुमाउन दाउदले चाहेका थिएनन्। पवित्र आत्माबिना उनी असहाय वा शक्तिहिन छ भनेर उनले महसुस गरेका थिए। उनलाई थाहा थियो कि जसरी उनी बेथशिबासँग फसेर पहिला पाप गरे त्यसरी नै उनी फेरि पापमा फस्न सक्छु। आत्मभरोसा वा "म पुरुष हुँ", " म राजा हुँ", "मैले जे पनि गर्न सक्छु", "मलाई कसैले छेक्न सक्दैन", "के गर्ने नगर्ने मेरो अधिकार हो' भन्ने जस्ता "म आफ्नै खुट्टामा उभिएको छु" भन्ने स्वाभिमानलाई उनले चक्नाचुर पारेका थिए।

भविष्यमा आउने विजयहरू वा खराब तत्वहरूसँग लड्ने शक्ति आफ्नो बाहुबल वा आत्मबलबाट होइन भन्ने कुरालाई उनले बुझेका थिए; त्यो त परमेश्वरबाटमात्रै आउँछ त्यो पनि यदि उनी परमेश्वरमाथि पूरा विश्वासमात्र होइन, भरोसा पनि राख्न सक्यो भनेमात्र।

येशूभक्तको विजयी जीवन यथार्थमा उसको जीवन होइन। हामी सफल इसाई जीवन बितायौं भनेर फुर्ती लाउन आवश्यक छैन। तर यदि हाम्रो जीवनमा केही असल भएको छ वा खराब तत्वसँग मुकाबिला गर्न सक्षम् हुन सकेकाछौं भने यो हाम्रो जीवनमा सबै येशूलाई उपस्थित गर्न दिएकाले हौं। हामी असल हुने श्रेय वा जस हामीमा होइन येशूमा हुनुपर्दछ। उहाँको

उपस्थितिको निम्ति हामी तिर्सना वा उत्सुक हुनुपर्दछ। उहाँको आत्माको निम्ति हामी लालयीत वा हुरुक्कै हुनुपर्दछ। उहाँले दिनुहुने मुक्तिको आनन्दको स्वादको चाहना हामी गर्नुपर्दछ। "म पापमै जन्मिएँ" भनेर दाउदले स्वीकार्दा उनले नयाँ जीवन, आत्मपरिवर्तित जीवन, पुनरुद्धारको जीवनको चाहना उनले परमेश्वरसँग मागेका थिए। हाम्रो स्थिति र आवश्यकतालाई महसुस गरि हामी पनि दाउदको जस्तै नयाँ र परिवर्तित जीवनको चाहना गर्नुपर्दछ। हामीलाई परमेश्वरको विश्राम चाहिन्छ जसमा पुनर्जीवित वा पुनःसृष्टि हुन्छ। यो पनि थाहा पाउनुहोस्, सृष्टिमा दिइएको विश्राममा क्षमासँग सरोकार थिएन। जब दाउदले "हे परमेश्वर, ममा शुद्ध हृदय सृजनुहोस्, र मभित्र एउटा स्थिर आत्मा पुनर्जीवित पार्नुहोस्" भने तब उनले सृष्टिको शब्दलाई प्रयोग गरेका थिए। पुरानो करारमा केवल परमेश्वरलेमात्र सृष्टि (बारा bara') गर्न सक्नुहुन्छ। जब हामी फेरि नयाँ सृष्टि हुन्छौं वा परमेश्वरमा पुनर्जीवित वा नव जीवन पाउँछौं अनि हामी उहाँको चाहना अनुसार सक्कल विश्राम पाउन सक्छौं।

**हुनसक्छ तपाईंको विगत जीवनमा कतिपय नराम्रा कामहरू गर्नुभयो होला। तर येशूले तपाईंलाई क्षमा दिनुभयो भन्ने वाचाको बावजुद पनि तपाईंले आनन्द र हर्ष वा खुशीको जीवनको अनुभव गर्नुभएको छैन भने त्यसको निम्ति तपाईंलाई केले रोकिरहेको छ? यदि तपाईं दोषी मनस्थितिले सताइरहनुभएको छ भने दाउदको कथाबाट तपाईंले के सिक्न सक्नुहुन्छ?**

## ५. परमेश्वरको ज्योति वा आत्मज्ञानलाई प्रतिबिम्बित गर्नेहरू

लाजमर्दो असफल जीवन वा पापले गर्दा खस्किएको जीवन, आफ्ना पापहरूलाई परमेश्वरले दिनुभएको छ भनेर अनुभव गरेपछि त्यसलाई बिर्सिदिने बानी हामीमा नभएको होइन। जे भयो भयो त्यो विगतको कुरा हो, त्यसलाई सम्झेर नबसौं वा विर्सिदियौं भन्ने हाम्रो मानव प्रवृत्ति हो। कतिपय समयमा हामीले सम्झिनु पर्ने कुरो पनि बिर्सिन्छौं। यो कहिलेकाहीं पीडादायी हुन्छ।

**आफूलाई पीडा दिने कुकृत्य वा कामको अनुभव गरेपछि राजा दाउदले त्यस कामलाई के गर्न चाहेका थिए? हेर्नुहोस्, भजन ५१:१३-१९ " १३ तब अपराधीहरूलाई म तपाईंका मार्गको शिक्षा दिनेछु, र पापीहरू तपाईंतर्फ फर्कनेछन्।**

**१४ हे परमेश्वर, हे मेरा उद्धारकर्ता परमेश्वर, मलाई रक्तपातको दोषबाट छुटकारा दिनुहोस्, र मेरो मुखले तपाईंका धार्मिकताको स्तुति गाउनेछ। १५ हे परमप्रभु, मेरा ओठ खोलिदिनुहोस्, र मेरो जिब्रोले तपाईंको प्रशंसाको घोषणा गर्नेछ। १६ किनकि तपाईं बलिमा प्रसन्न हुनुहुन्न, नत्रता म बलि चढ़ाउनेथिएँ। होमबलिमा तपाईं खुशी हुनुहुन्न। १७ तोडिएको आत्मा नै परमेश्वरको निम्ति बलिदान हो। हे परमेश्वर, तोडिएको र पश्चात्तापी हृदयलाई तपाईं तिरस्कार गर्नुहुन्न। १८ तपाईंको इच्छाअनुसार सियोनको भलाइ गर्नुहोस्। यरूशलेमका पर्खालहरू निर्माण गरिदिनुहोस्। १९ तब तपाईंलाई प्रसन्न पार्न धार्मिकताका बलिहरू चढ़ाइनेछन्, सम्पूर्ण होमबलि र साँढ़ेहरू तपाईंको वेदीमा चढ़ाइनेछन्।"**

जब हामीलाई अत्यन्तै मनपर्ने र धेरै दाम पर्ने आकर्षित गमला वा कुनै भाँडा खसेर फुट्यो भने हामी त्यसको टुक्राटाक्रीलाई प्रायजसो जम्मा गरेर फ्याँक्दछौं। जापानमा एउटा परम्परागत हस्तकला छ जसलाई *किन्टसुकगी kintsugi* भनिन्छ। फुटेका माटाका भाँडावर्तनहरूलाई मिलाएर फेरि पहिलाको जस्तै बनाउने विशेष कामलाई किन्टसुकगी भनिन्छ। त्यसलाई जोड्न बहुमूल्य धातु जस्तै सुन वा चाँदीलाई पगालेर टुक्राटाक्रीलाई जोडिन्छ। त्यसले गर्दा त्यो भाँडो त झन पहिलेकोभन्दा बहुमूल्यको हुन जान्छ र त्यो अझ सुन्दर पनि देखिन्छ।

जब जब परमेश्वरले हाम्रो पाप, अपराध र कमजोरीहरूलाई क्षमा दिनुहुन्छ तब तब उहाँले हामीलाई फेरि पुनःसृष्टि वा नवजीवन दिनुहुन्छ। उहाँको कामले गर्दा हामीमा केही न केही परिवर्तन हुन जान्छ। परमेश्वरको क्षमा दिने बहुमूल्य गमले हाम्रा चुर्न भएको हृदयलाई टाँसि दिनुहुन्छ र हामीमाभएको देखिने टुक्राहरूले उहाँको अनुग्रहतिर ध्यान दिँदछौं। अनि हामी परमेश्वरको निम्ति ठूलो स्वरले बज्ने उपकरण वा औजार हुनसक्छौं। राजा दाउदले त्यसलाई यसरी व्यक्त गर्दछन्, "१४ हे परमेश्वर, हे मेरा उद्धारकर्ता परमेश्वर, मलाई रक्तपातको दोषबाट छुटकारा दिनुहोस्, र मेरो मुखले तपाईंका धार्मिकताको स्तुति गाउनेछ। १५ हे परमप्रभु, मेरा ओठ खोलिदिनुहोस्, र मेरो जिब्रोले (ठूलो स्वरले) तपाईंको प्रशंसाको घोषणा गर्नेछ" (भजनसंग्रह ५१:१४-१५ रूपान्तरित)। हाम्रा पाप तथा गल्तीहरूलाई आफैले सच्याउन प्रयास पनि गर्न सक्दैनौं वा जुनसुकै बुद्धिज्ञान लगाएर टुक्रिएको जीवनलाई जोड्न सक्दैनौं। जब हामी पापमा फस्छौं वा कुनै गल्ती गर्छौं भने यदि

परमेश्वरको सामु हाम्रो टुक्रिएको जीवनलाई नम्र भएर झुक्दै आउन सक्यौं भने त्यो नै हाम्रो निम्ति परमेश्वरको गम हुनसक्छौं। जब हामी कोमल भएर परमेश्वरकहाँ आएर उहाँको क्षमाको अनुभव पाएर उहाँको प्रशंसा गर्दछौं तब त्यो नै यस संसार वा हाम्रा वरिपरि हुनेहरूको निम्ति उज्यालो ज्योतिको किरण हुनसक्छ। हामीले पाएका क्षमाको अनुभवले अरूलाई आकर्षित गर्दछ जो क्षमाको निम्ति खोजिरहेका हुन्छन्।

**भजन ५१ र १ यूहन्ना १:९को बीचमा के सम्बन्ध छ?**

वास्तविकरूपमा भन्ने हो भने १ यूहन्ना १:९ भजन ५१को संक्षेप्त वा सारांश हो। भजन ५१:१७मा यो लेखिएको छ भने "तोडिएको आत्मा नै परमेश्वरको निम्ति बलिदान हो। हे परमेश्वर, तोडिएको र पश्चात्तापी हृदयलाई तपाईं तिरस्कार गर्नुहुन्न।" भने यूहन्नाले हामीलाई यसरी निर्धक्क बनाउँछन्, "यदि हामीले आफ्ना पापहरू स्वीकार गऱ्यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ।" परमेश्वरको वचनमा हामी ढुक्क हुनु जरुरी छ।

राजा दाउदले जुन पाप गरे र उनले परमेश्वरको नाउँमा जुन हानी पुऱ्याए त्यसलाई उनले त्यसलाई मर्मत गर्न सकेको थिएन। उनका कामहरू उनका परिवारको निम्ति उदाहरण बनेको थियो। आफ्नो गलत निर्णय र कामहरूको नतिजा त उनले भोग्नै परेको थियो। तैपनि दाउदलाई निश्चय थियो कि परमेश्वरले उनलाई क्षमा दिनुभयो। एकदिन उनको ठाउँमा परमेश्वरको थुमा आउनुहुनेछ र मर्नुहुनेछ भन्ने आत्मज्ञानमा उनले विश्वासद्वारा भरोसा राख्नु आवश्यक थियो।

**तपाईंको आफ्नै जीवनमा १ यूहन्ना १:९मा लेखिएका प्रतिज्ञाहरूलाई अहिले नै कसरी प्रयोगमा ल्याउन सक्नुहुन्छ? यदि परमेश्वरले तपाईंलाई क्षमा दिनुभयो भन्ने अनुभूति पाएपछि त्यस प्रतिज्ञाले तपाईंको निम्ति पनि हो भन्ने थाहा पाएर तपाईंले कस्तो अनुभव गर्नु आवश्यक छ?**

**उपसंहारः**

**थप जानकारीः** "दाउदले हृदयदेखि पश्चाताप गरेका थिए र त्यसमा गहिऱ्याइ थियो। आफू राजा भएकोले जे गर्न पनि अधिकार छ भनेर आफ्नो अपराधलाई धाकछोप गरेर वा कुनै बहाना लगाएर बिलाउन चाहेका थिएनन्। उनको

अपराधले गर्दा उनले पाउनुपर्ने न्यायबाट उनी भाग्न चाहेनन्। यसैले गर्दा उनले भित्री हृदयदेखि परमेश्वरसँग पुकारा गर्दछन्। आफ्नो अन्तर्विवेक वा आत्मालाई प्रदुषित गरेको उनले देखेका थिए; आफ्नो पापप्रति उनले गहिरो दुःख व्यक्ति गरि त्यसप्रति वाक्क उनलाई लागेको थियो। उनले क्षमाको निम्तिमात्र प्रार्थना गरेनन् तर उनको हृदय शुद्ध वा निर्मल बनाउन पनि उनले बिन्ति गरेका थिए...'१६ किनकि तपाईं बलिमा प्रसन्न हुनुहुन्न, नत्रता म बलि चढ़ाउनेथिएँ। होमबलिमा तपाईं खुशी हुनुहुन्न। १७ तोडिएको आत्मा नै परमेश्वरको निम्ति बलिदान हो। हे परमेश्वर, तोडिएको र पश्चात्तापी हृदयलाई तपाईं तिरस्कार गर्नुहुन्न।' भजनसंग्रह ५१:१६-१७। "राजा दाउद गिरेपनि परमेश्वरले उनलाई उठाउनुभयो...।

"दाउद अत्यन्तै नम्र भएर झुक्दै आफ्नो पापलाई स्वीकार गरेका थिए र पश्चाताप गरेका थिए। तर परमेश्वरले सच्याउन चाहना गर्नुभएको राजा सावलले त्यसलाई वेवस्ता गरे र बरु आफ्नो हृदयलाई कठोर पारे। उनले पश्चाताप गरेनन्।

"दाउदको जीवनमा घटेको यस दुःखद घट्नाले मानव जीवनको दिमागमा चलिरहेको द्वन्द्वको ज्वलन्त उदाहरण हामीलाई दिइएको छ। मानवताले सामना गर्ने अनेकौं प्रलोभन र परिक्षाहरूको यथार्थतालाई त्यसले देखाउँदछ। दाउदको सक्कली वा भित्री हृदयदेखि इमान्दारीभएर पश्चाताप गरेको पनि उनले देखाएका छन्।...परमेश्वरका हजारौं छोराछोरी वा भक्तहरूलाई पापमा फसाउन सैतान द्रुतगतिमा लागिरहेको हुन्छ, तर दाउदको कथामा उनले गरेका पापको स्वीकार र पश्चातापलाई सम्झेका ती जनहरूले साहस पाएर पश्चाताप गर्न अग्रसर भएका छन् र परमेश्वरका आज्ञाहरू अनुसार चल्न वा हिँड्न तिनीहरू कोसिस गरेका थिए र गरि नै रहनेछन्।

"जो मानिस पापमा फस्दा, प्रलोभनको पासोमा फस्दा जब आफ्नो कमजोरीको महसुस गर्दै नम्र भएर दाउदले जस्तो स्वीकार गर्दै, पश्चाताप गरेर परमेश्वरकहाँ आउँछन् उसको निम्ति आशा छ भनेर ढुक्क हुनुपर्दछ। हृदयदेखि इमान्दारभएर सक्कल वा सत्य पश्चाताप गर्ने कुनै पनि व्यक्तिलाई परमेश्वरले कहिल्यै पनि पन्छाउनुहुन्न।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ७२५,७२६बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. हामीमा जन्मैदेखि भएका पापलाई सम्झिनु वा स्वीकार गर्नु साथै त्यस पापको लागि क्षमा चाहिन्छ भन्ने धारणासँगै परमेश्वरले हामीलाई क्षमा दिनुभएको छ भनेर ढुक्क हुँदै जगतका अधिपति परमेश्वर राजाका छोराछोरीहरू हामी हौं भनेर शिर ठाडो पारेर कसरी चल्ने? हाम्रो जीवन वा जीवनशैलीले हामी सनातन परमेश्वर पिताको छोराछोरीहरू हौं भनेर अरूहरूको सामु कसरी प्रकट गरिरहने?

आ. आखिरमा हामी जुनसुकै पाप गरेतापनि सबै पाप परमेश्वरको वचन अनुसार उहाँको खिलाफमा किन हुन्छ? परमेश्वरको विरुद्धमा पाप गर्नुभन्नुको अर्थ के हो? ("तिम्रो शरीर परमेश्वरको मन्दिर हो" भन्ने ज्ञान पाएर पनि आफ्नो शरीरलाई प्रदुषित पारेर चल्ने वा हेपेर चल्ने प्रवृत्तिले के हामी व्यक्तिगतरूपमैं परमेश्वरको विरूद्धमा गइरहेका छैनौं र वा पाप गरिरहेका छैनौं र?-अनुवादक)।

इ. अनजान युरिया र दाउद तथा बेथशिवाको भर्खरै जन्मेको बालकको मृत्युको बारेमा दिमागमा द्वन्द्व चलाइरहेको मानिसलाई तपाईंले के भन्न सक्नुहुन्छ? यस्तो नराम्रो परिस्थितिमा परमेश्वरको प्रेम र न्यायको बारेमा कसरी व्याख्या गर्ने? परमेश्वर र सैतानको बीचमा भइरहेको महान् अन्तर्द्वन्द्व वा गृहयुद्धको आत्माज्ञानको दृष्टिकोणद्वारा त्यस द्वन्द्वको जवाफलाई कसरी सहयोग गर्दछ?

ई. दाउद र बिथशिबाको कथाको वृतान्त बाइबलमा दुई अध्याय किन अर्पेको छ? त्यस कथालाई सम्झनुको उदेश्य के हो?

उ. भजन ५१:११,१२मा दाउदले भन्छन् "११ मलाई तपाईंको उपस्थितिबाट नहटाउनुहोस्, न त मबाट तपाईंका पवित्र आत्मा लैजानुहोस्। १२ तपाईंको मुक्तिको आनन्द मलाई फेरि दिनुहोस्, र मलाई समाल्न इच्छुक आत्मा दिनुहोस्।" अर्थात् पापले परमेश्वर र हाम्रो बीचमा फाटो ल्याउँछ भनेर ती पदहरूले व्यक्त गरेका छन्। तपाईंको आफ्नै अनुभवमा के यो चरितार्थ वा सत्य भएको छ? परमेश्वरबाट अलग हुने अनभवले हामीलाई असजिलो बनाउँछ भन्ने कुरा अरूलाई कसरी सुनाउने? अनुग्रहको प्रतिज्ञामात्र त्यसको समाधान वा औषधी हो भनेर कसरी यकिन हुने?

## कथा ४
## मायाले घेरिएको
## शनेल ड्रेपर, २४, आरिजोना, अमेरिका



म सानो सहरमा परिवारसँग हुर्केको थिएँ। सानो सहर भएतापनि त्यो सहरका कतिपय मानिसहरू खराब थिए। रक्सीले मातेका, लागुपदार्थले सताएका र हिंसा भत्काउने मानिसहरू मैले दिनदिनै देख्दथैं। म रहेको समाजमा यस्तो खराब व्यवहारहरू साधारणै मानिन्थ्यो। स्कूल परिसरमा जालीको बारले घेरेतापनि क्लासरुमभित्र ल्याउने मादक पदार्थ, लागु पदार्थ र हिंसालाई रोक्न सकेको थिएन। स्कूलमै अपराधी समूह वा ग्याङ्गहरू मिलेर एक आपसमा जोरी खोज्दै भिडन्त हुन्थे। तिनीहरूसँग लागु पदार्थ र मादक पदार्थ हुन्थे। म पढिरहेको त्यो स्कूल सार्वजनिक माध्यमिक स्कूल थियो। कहिलेकाहीँ बसबाट एक्लै घर फर्किन पनि मलाई डर लाग्थ्यो। त्यही कारण र अरू कारणहरूले होला मेरा आमा र फुपूले त्यस सार्वजनिक स्कूलबाट प्राइभेट वा निजी स्कूलमा सार्न निर्णय गरेका थिए। अमेरिकाकै राज्य न्यु मेक्सिकोमा रहेको एउटा निजी स्कूलमा भर्ना गर्न मेरी आमाले छानेकी थिइन् तर त्यहाँ मेरो नाउँ वेटिङ्ग लिस्ट वा पर्खने सूचीमा राखिएको थियो। अनि न्यु मेक्सिकोकै अर्को स्कूलमा जान हामी प्रयास गर्‍यौं। तर त्यहाँ म जान असमर्थ थिएँ किनकि त्यो आवासिय स्कूल थिएन र मेरो घरबाट धेरै टाढा थियो। आखिरमा हाम्रा केही आफन्तका छोराछोरीहरू होलब्रुक सेभेन्थ-डे एडभेन्टिस्ट इन्डियन स्कूलमा पढिरहेको मेरी फुपुले थाहा पाइन्। त्यो स्कूल हाम्रो घरबाट अझै टाढा थियो तैपनि मेरी आमा र फुपूले मेरो निम्ति त्यही नै उत्तम स्कूल भएको निर्णय गरे। सन २०१०मा त्यस स्कूलमा म नौ कक्षामा भर्ना भएँ। घरबाट टाढा भएकोले सुरुमा त मलाई नियास्रो लागेको थियो। त्यस स्कूलमा मेरो कोठा सफा गर्ने, लुगा धुने र मेरो स्याहार मैले नै गर्नुपर्ने थियो। त्यो त समस्या भएन। तर बाइबल कक्षामा सरिक हुन म तयार थिइँन। त्यस स्कूलको वरिपरी मेरा केही फुपूहरू थिए। तिनीहरूले मलाई चर्चमा लान्थे। म चर्चमा तिनीहरूसँग गएँ किनकि म एक्लै

होस्टेलमा बस्न अनुमति थिएन। तिनीहरूले मलाई विभिन्न चर्चहरूमा लान्थे र बालबालिकाको निम्ति आयोजना गरेको भ्याकेशन बाइबल स्कूलमा पनि लान्थे। तैपनि मलाई बाइबल पढ्न आउँदैनथ्यो। इसाईहरूले खोलेको इसाई स्कूल होलब्रुक स्कूलमा बाइबल पढ्न नजान्नु लाजमर्दो कुरो थियो। त्यसकारण, मैले विस्तारै बाइबल पढ्न थालें। त्यसबेला मैले येशूको बारेमा जान्न थालें। हाम्रो जीवनमा उहाँले कसरी काम गर्नुहुन्छ सो पनि मैले जान्न थालें। मप्रति उहाँको माया थाहा पाएपछि मैले पनि उहाँलाई मेरो हृदय सुम्पें।

चार वर्षपछि मैले होलब्रुक इन्डियन स्कूलबाट १२ कक्षा पास गरें। अनि कलेजमा दुई वर्ष पढें। त्यसपछि काम गर्न थालें। मेरो जीवन अत्यन्तै व्यस्त थियो। येशूतिर नजर राखिरहन र सेभेन्थ-डे एडभेन्टिस्ट भइरहन मैले बिर्सिन थालें।

एक दिन म अमेरिकाकै टेक्सास राज्यमा साथीलाई भेट्न गएको थिएँ। त्यसबेला मलाई आमाले जस्तै माया गर्ने फुपू धेरै बिरामी भएको सुनें। उनी आरिजोना राज्यको राजधानी फिनिस्कमा रहेको अस्पतालमा भित्र बाहिर गर्नुपरेको पनि मैले सुनें। उनलाई खुशी पार्न म टेक्सासबाट आरिजोनमा हवाइजहाजबाट उडेर गएँ। मेरो जन्म दिनमा मैले फुपुलाई भेट्न जान पाएको थिएँ। उनीसँग म केही दिन बिताएँ र केही दिनपछि नै उनको देहान्त भयो।

मेरी फुपूको मृत्युपछि मैले कसैलाई पनि नभनि घरबाट भागेर टेक्सासमा फेरि आएँ। तर त्यहाँ म खुशी थिइँन। केही दिनपछि होलब्रुक स्कूलको एक जना साथीले त्यस स्कूलमा कामको रेखदेख गर्ने सुपरभाइजरको आवश्यकता भएको र मैले चाहेंभने त्यो काम पाउन सक्छु भनेर खबर गरिन्। तुरन्तै मैले त्यो अवसर गुमाउन चाहिंन। म स्कूलमा फर्कें र त्यहाँ विद्यार्थीहरूसँग नजिकै भएर काम गर्न थालें। अनि मलाई धेरै आनन्द लाग्न थाल्यो। अर्को वर्ष त्यही स्कूलले छात्रवृत्ति दिने निकायको समन्वयकर्ता हुन अनुरोध गरे। होलब्रुकमा आएर मेरो जीवनमा धेरै परिवर्तन भएको थियो। सबैको मायाको घेरमा पर्न पाउँदा मलाई अचम्म लागिरहेछ।

**-लेखक, शनेल ड्रेपर**